**कोरोना भाइरससम्बन्धी सुदूरपश्चिम प्रदेशको अवस्था**
**कैलाली। ०७७ वैशाख ३ गते**

इन्सेक सुदूरपश्चिम प्रदेश अन्तर्गत कार्यरत इन्सेक जिल्ला प्रतिनिधिहरूले वैशाख ३ गते पठाउनु भएको सूचनाका आधारमा उच्च सतर्कताका लागि प्रदेश अन्तर्गत भइरहेका कार्यहरू र समस्याहरूको जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ।

**इन्सेक अछाम जिल्ला प्रतिनिधि शिवराज ढुङ्गानाका अनुसार** भारतबाट फर्किएका तुर्माखाँद गाउँपालिकाका ४८ जना व्यक्तिहरूको वैशाख २ गते गरिएको र्‍यापीड डाइग्नोस्टिक टेष्टको रिपोर्ट नेगेटिभ आएको छ।  ४२ पुरूष र ६ महिलामा र्‍यापीड डाइग्नोस्टिक टेष्ट गर्दा कुनै व्यक्तिमा पनि कोरोना सङ्क्रमणसँग मिल्दो लक्षण फेला नपरेको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख एकिन्द्र वयकले जानकारी दिनु भयो। पछिल्लो समयमा तुर्माखाँद गाउँपालिकामा मात्रै ३ सय ७५ जना नेपालबाहिरबाट फर्किएका व्यक्तिहरू छन् भने जिल्लाभरीमा झण्डै ४ हजार व्यक्ति भारत लगायत अन्य मुलुकबाट फर्किएको बताइएको छ।

मेल्लेख गाउँपालिकामा घर भई भारतको हरियाणामा अलपत्र परेका २६ जनालाई चामल, पिठो, दाल र तेल उपलब्ध गराइएको गाउँपालिकाका अध्यक्ष लोकबहादुर बोहराले जानकारी दिनु भयो। मेल्लेख स्थायी घर भई दिल्लीमा बस्दै आएका कपुरसिंह धामीसँग भारत सरकारको पास भएकोले उहाँमार्फत राहत पठाइएको अध्यक्ष बोहराले बताउनु भयो।  मेल्लेख गाउँपालिकाले दिल्ली, मुम्बै, पुना लगायतका अन्य ठाउँमा बस्ने आफ्ना गाउँपालिकाका नागरिकलाई राहत पुर्‍याउनका लागि समन्वय भइरहेको अध्यक्ष बोहराको भनाइ छ।

सुर्खेत र कैलालीबाट फर्किएका दुई/दुई जनालाई रामारोशन गाउँपालिकाले वडा नम्बर १ र ५ मा निर्माण गरिएको  क्वारेन्टाइनमा वैशाख २ गतेबाट राखेको छ। गाउँपालिकाको वडा नम्बर १ मलातीकोटमा स्थापना गरिएको पिङ्गला माविको क्वारेन्टाइनमा सुर्खेतबाट आएका दुई जना र वडा नम्बर ५ रामारोशनस्थित निलकण्ठ माविको क्वारेन्टाइनमा कैलालीबाट आएका दुई जनालाई राखिएको गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत रामबहादुर भण्डारीले जानकारी दिनु भयो। गाउँपालिकाका सात ओटै वडामा रहेका विद्यालयमा कम्तिमा १० जना बस्न सक्ने गरी क्वारेन्टाइन निर्माण गरिएको बताइएको छ।

**इन्सेक बैतडी जिल्ला प्रतिनिधि नरी बडुका अनुसार** जिल्लासँग सीमा जोडिएको भारतको झुलाघाटका विभिन्न क्वारेन्टाइनमा बसेका नागरिकहरूले स्वदेश फर्कन पाउनु पर्ने माग गरेका छन्। आफूहरूलाई क्वारेन्टाइनमा बसेको १४ दिन पूरा भइसकेको र आफूहरूलाई कुनै स्वास्थ्य समस्यासमेत नभएकाले स्वदेश फर्किन पाउनु पर्ने उहाँहरूको माग रहेको छ। भारतीय क्वारेन्टाइनमा बसेको दुई हप्ता बढी भइसकेको र खानबस्नका लागि समेत समस्या भएको दोगडाकेदार गाउँपालिकाका कृष्णानन्द भट्टले जानकारी दिनु भयो। एउटै विद्यालयमा धेरै जना बस्नुपरेकाले शौचालयकोसमेत समस्या रहेको उहाँले बताउनु भयो। आफूहरू स्वदेशको क्वारेन्टाइनमा बस्न तयार रहेको बताउँदै भट्टले सीमामा रहेका नेपाली मजदुरको पीडा बुझीदिन आग्रह गर्नु भएको छ। सीमावर्ती भारतीय बजार झुलाघाटका विभिन्न स्थानमा अढाइ सय बढी नेपाली क्वारेन्टाइनमा बसिरहेका छन्। क्वारेन्टाइनमा बसेको दुई हप्ता भन्दाबढी भइसकेकाले आफूहरूले स्वदेश फर्किन पाउनु पर्ने पुचौंडी न्वाउदेउका लोकेन्द्र पार्कीको माग छ। प्रमुख जिल्ला अधिकारी आनन्द पौडेलले सीमापारी रहेका नेपाली मजदुरलाई स्वदेश ल्याउने बिषयमा पहल भइरहेको बताउनु भयो। सीमामा रहेका नेपालीहरूलाई स्वदेश ल्याउनका लागि कार्ययोजना बनाएर गृहमन्त्रालयमा पठाएको प्रमुख जिल्ला अधिकारी पौडेलको भनाइ छ।  कार्ययोजना स्वीकृत हुने बित्तिकै सीमामा रहेका नेपालीहरूलाई स्वदेश ल्याइने र उनीहरूलाई क्वारेन्टाइनमा

राख्नको लागि पनि सम्बन्धित नगरपालिका र गाउँपालिकासँग कुरा भइरहेको प्रमुख जिल्ला अधिकारी पौडेलले बताउनु भयो ।

**इन्सेक दार्चुला जिल्ला प्रतिनिधि नरेन्द्र कार्कीका अनुसार** भारत पिथौरागढको बालुवाकोटमा तीन सातादेखि क्वारेन्टाइनमा बसेका शैल्यशिखर नगरपालिका - १ जोगेउडाका ३५ वर्षीय बासुदेव भट्टले आमाको मृत्यु हुँदासमेत घर आउन पाएका छैनन् । वैशाख २ गते साँझ ६५ वर्षीया आमा गौमती भट्टको मृत्युपछि घर आउन नपाएका भट्टले दार्चुलाको महाकाली पारी बालुवाकोटको क्वारेन्टाइनमै किरिया बस्न बाध्य भएका छन् । तीन महिना अघि भारतमा मजदुरी गर्न गएका भट्ट लकडाउनपछि घर आउँदा धार्चुलामा अलपत्र परेका थिए । उनका कान्छा भाई सुनिल भट्टले आमाको दाहासंस्कार र किरिया गरिरहेका छन् । ७५ किलोमिटर टाँढा रहेको भारतीय क्वारेन्टाइनमा बस्दै आएका भट्टले आमाको सतगत गर्न घर आउन नपाएपछि क्वारेन्टाइनमा बसेका अन्य व्यक्तिहरू पनि निराश भएका छन् ।

शैल्यशिखर नगरपालिका वडा नम्बर १ को कार्यालयले जिल्ला प्रशासन कार्यालयलाई भट्टलाई आमाको मृत्युपछि गरिने किरियाको आवश्यक काम गर्न बन्दोबस्ती मिलाईदिन आग्रह गर्दै पत्रचार गरेको छ । वडाअध्यक्ष भरत बहादुर खडायतले जिल्ला प्रशासन कार्यालय, दार्चुलालाई पत्रचार गर्दै मृत्युपछि गरिने कार्यको लागि आवश्यक समन्वय गरिदिन आग्रह गरिएको बताउनु भयो ।

उहाँले भन्नु भयो -'घरमा कान्छो भाई र बृद्ध बुवा छन् । छोराहरू घर नपुगेकोमा बुवा पनि चिन्तित छन् । हामीले सिडियो सापसँग फोन गरेर पहल गर्न आग्रह गरेका छौँ ।'

दार्चुलाका प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेलले वडा कार्यालयबाट आएको पत्रको आधारमा भारतीय प्रशासनसँग पहल गरिएको बताउनु भयो ।

उहाँले भन्नु भयो - 'हामीले आवश्यक समन्वयको लागि पत्र पठाएका छौँ । भारतीय पक्षबाट सहजीकरण भयो भने घर आउने बाटो खुल्छ ।'

लकडाउनका कारण नेपाल आउन नपाएर विगत तीन हप्तादेखि भारतको धार्चुला र जौलजिविका क्वारेन्टाइनमा रहेका २ सय २६ जना मजदुरहरूलाई पिथौरागढ सारिएको छ । उनीहरूलाई डिग्रीकलेज र जिआइसि पिथौरागढस्थित क्वारेन्टाइनमा राखिएको छ भने प्रशासनले खाने र बस्ने व्यवस्थापन गरेको छ । धार्चुलाका एसडिएम अनिलकुमार शुक्लाका अनुसार क्वारेन्टाइनमा नेपालीहरूको सङ्ख्या बढि भएकाले बस्ने ठाउँको समस्या देखिएपछि पिथौरागढ पठाइएको छ । धार्चुलास्थित जिआइसि ब्रह्म, बालुवाकोट, निगलपानी र मिनीस्टेडियममा तयार गरिएका क्वारेन्टाइनमा ९ सय ३९ जना नेपाली मजदुरहरू रहेका छन् । धौलीगंगा पावर स्टेशनले मिनिस्टेडियममा रहेका ३ सय ३६ जना र निगलपानीमा रहेका ३२ नेपाली कामदारहरूका लागि खाना र ओढ्ने कपडाहरूको व्यवस्थापन गरेको छ ।

दुहु गाउँपालिकाले ६ सय ३१ घरपरिवारलाई राहत वितरण गरेको छ । दैनिक रूपमा ज्यालादारी गर्ने असङ्गठित व्यक्ति र असाहय घरपरिवालाई राहत वितरण गरिएको दुहु गाउँपालिका अध्यक्ष पुलेन्द्रबहादुर कार्कीले जानकारी दिनुभयो । १५ केजी चामल, एक केजी दाल, एक पाउ तेल र एक केजी नुन राहतस्वरूप वितरण गरिएको अध्यक्ष कार्कीको भनाइ छ ।

जिल्लाका पाँच ओटा स्थानीय तहमा र्‍यापीड डाइग्नोस्टिक टेस्ट सुरू गरिएको छ । भारतबाट फर्किएका सबै व्यक्तिहरूको कोरोना परीक्षणको लागि सबै स्थानीय तहमा र्‍यापीड डाइग्नोस्टिक टेस्क सुरू गरिएको हो ।

क्वारेन्टाइनमा नबसेका र भारतबाट काम गरि घर फर्किएका व्यक्तिहरूमा र्‍यापीड टेस्ट सुरू गरिएको स्वास्थ्य कार्यालय, दार्चुलाका जनस्वास्थ्य अधिकृत जयराज भट्टले बताउनु भयो । स्वास्थ्य कार्यालयमा

कार्यरत ल्याबका स्वास्थ्यकर्मीलाई र्‍यापीड  टेस्ट तालिम दिएर आरडिटी सुरू गरिएको भट्टको भनाइ छ । जिल्लास्थित विभिन्न क्वारेन्टाइना रहेका ४ सय ६० जनाको चैत २९ गते थ्रोट स्याब सङ्कलन गरिएकोमा रिपोर्ट आउन भने बाँकी रहेको जनाइएको छ । जिल्लाका पाँच ओटा स्थानीय तहका ८१ जनाको र्‍यापीड  डाइग्नोस्टिक टेस्ट (आरडिटी) गरिएकोमा सबै जनाको रिपोट नेगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालय ,दार्चुलाका सूचना अधिकारी खगेन्द्र कार्कीले जानकारी दिनु भयो । महाकाली नगरपालिका, व्याँस गाउँपालिका, नौगाड गाउँपालिका, दुहुँ गाउँपालिका र लेकम गाउँपालिकामा गरिएको परीक्षणमा ८१ जनाको रिपोर्ट नेगेटिभ आएको कार्कीको भनाइ छ ।

**इन्सेक बझाङ जिल्ला प्रतिनिधि रमेश केसीका अनुसार** जिल्लास्थित विभिन्न स्थानीय तहले तयार गरेका क्वारेन्टाइनमा बस्दै आएका ४ सय ६६ जनाको  र्‍यापिट डाइग्नोस्टिक टेष्ट रिपोर्ट नेगेटिभ आएपछि उनीहरूलाई घर पठाइएको  छ । १४ दिनसम्म क्वारेन्टाइनमा बसेका ४ सय ६६ जनाको र्‍यापीड  डाइग्नोस्टिक टेष्ट रिपोर्ट नेगेटिभ आएकोले होम क्वारेन्टाइनमा बस्ने गरी घर पठाइएको कोरोना भाइरस रोकथाम समितिका बझाङ जिल्ला फोकल पर्सन नारायण जोशीले बताउनु भयो । काठमाडौँबाट आएको स्वास्थ्यकर्मीहरूको टोलीले क्वारेन्टाइनमा बसेका अन्य ६५ जनाको थ्रोट स्वाब नमूना सङ्कलन गरी काठमाडौँ लगेको र रिपोर्ट आउन बाँकी रहेको जोशीको भनाइ छ ।

**इन्सेक डोटी जिल्ला प्रतिनिधि बाशुदेव जोशीका अनुसार** जिल्लास्थित तीन ओटा स्थानीय तहमा होम क्वारेन्टाइनमा बस्दै आएका ३१ जनाको र्‍यापीड डाइग्नोस्टिक टेष्ट रिपोर्ट वैशाख ३ गते नेगेटिभ आएको छ । होम क्वारेन्टाइनमा बसेका ३१ जनाको जिल्ला स्वास्थ्य कार्यालय ,डोटीले चैत ३० गते र्‍यापीड डाइग्नोस्टिक टेष्ट नमूना सङ्कलन गरेको र सबै जनाको रिपोर्ट नेगेटिभ आएको जिल्ला स्वास्थ्य  कार्यालय, डोटीका  मेडिकल अधिकृत ज्योति पाण्डेले बताउनु भयो । र्‍यापीड डाइग्नोस्टिक टेष्ट गरिएकाहरूमध्ये शिखर नगरपालिकाका एक महिला र १२ जना पुरूष, के आई सिह गाउँपालिकाका १६ जना पुरूष र बोगटान गाउँपालिकाका तीन जना पुरूष रहेका छन् ।

**इन्सेक कैलाली जिल्ला प्रतिनिधि मैनामोती चौधरीका अनुसार** नेपाल सरकारले धनगढीस्थित सेती प्रदेशिक अस्पताललाई कोरोना विषेश अस्पताल घोषणा गरेसँगै अस्पतालले कारोना सङ्कमितहरूको उपचारबाहेक अन्य सेवाहरू वैशाख ३ गतेदेखि सञ्चालन गर्न नसकिने निर्णय गरेको छ । कोरोना सङ्कमितहरूको उपचार भइरहेकोले प्रसूति सेवा लगायत समान्य बिरामीहरूको पनि उपचार गर्दा सङ्क्रमण फैलिन सक्ने भएकोले कारोनाबाहेक अन्य सेवाहरू बन्द गर्ने निर्णय गरेको अस्पताल प्रशासनले जनाएको छ । सुदूरपश्चिमकै एक मात्रै रिफर अस्पतालका रूपमा रहेको सेती प्रदेशिक अस्पताललाई कोरोना विषेश अस्पतालका रूपमा सञ्चालन गर्दा यस प्रदेश अन्तर्गतका पाहाडी जिल्लाका सेवाग्रहीहरू समस्या पर्ने भएका छन् । दैनिक ३ सयभन्दा बढी प्रसूति सेवा दिदै आएको सेती प्रदेशिक अस्पतालले अवका दिनमा धनगढीस्थित नवजिवन अस्पतालले सो सेवा उपलब्ध गराउने भने पनि नवजिवन अस्पतालले आफूसँग जनशक्ति तथा भवन अभाव रहेको बताएको छ । प्रसूति सेवाका लागि सेती प्रदेशिक अस्पतालले नवजिवन अस्पताललाई रिफर अस्पतालका रूपमा सेवा दिन अनुरोध गरेको भए पनि नवजिवन अस्पताले सेवा दिन नसक्ने बताएपछि प्रसूति सेवा प्रभावित भएको छ ।

**इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय,धनगढी**